मिति : २०७६ मंसिर ३० गते

समय : बिहानको ८ बजे

स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | |
| १० | वडाध्यक्ष | श्री मनोज राय | |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री राम बहादुर थापा | |

निर्णय नं. १

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि मन्त्रालयबाट छनौट गरी पठाइएका रोजगार संयोजक कुमार दाहालको राजीनामा स्वीकृत भई गत आर्थिक बर्षदेखी नै सो पद रिक्त रहेको हुँदा यस नगरपालिकाको लागि रोजगार संयोजकको पदपूर्ति गर्नु पर्ने भएकाले नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत रोजगार संयोजकको पदपुर्ति तथा सेवासुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेदन ६ अनुसार रोजगार संयोजक पदपूर्ति समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक : श्री तीर्थ प्रसाद धिताल, जिल्ला समन्वय अधिकारी
२. सदस्य : सीताराम गौतम, अधिकृत-अधिकृतस्तर सातौं
३. सदस्य सचिव : श्री राम बहादुर थापा, प्रमुख प्रशासकीय अधिकृतध

निर्णय नं. २

धनकुटा नगरपालिका वडा नं. ५, ८ र ९ मा सञ्चालन भइरहेको गरिवसँग विशेश्वर कार्यक्रम सहजीकरणमा सहयोग पुऱ्याउने सामाजिक परिचालक पद रिक्त भएको र सो कार्यक्रम सञ्चालनको लागि बजेट समेत प्राप्त भएकाले निर्णय नं. १ बमोजिमको समितिबाटै सामाजिक परिचालक १ (एक) जना पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

धनकुटा नगर कार्यपालिकाबाट सम्पादित कार्यहरुलाई सूचनामुलक बनाई नागरिकबीच समयमै पुऱ्याई नगर सरकारको कामलाई थप प्रभावकारी बनाउन एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ मा गरिएको व्यवस्था अनुसार तपसिलको सूचना व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक श्री जम्सेर राई (प्रवक्ता)
२. सदस्य : श्री शोविस चेम्जोङ्ग (प्रेश संयोजक)
३. सदस्य : श्री थोपा निरौला (सूचना प्रविधि अधिकृत)
४. सदस्य सचिव : श्री डम्बर रोगु (सूचना अधिकारी)

निर्णय नं. ४

विजयादशमी तथा दिपावली जस्तो लामो विदाको समयमा कार्यालय सुरक्षा, दमकल सेवा सञ्चालन तथा नियमित सरसफाईको लागि बिशेष अवस्थामा कामकाज गर्न खटाइएका कर्मचारीहरुलाई खाइपाई आएको मासिक तलब/पारिश्रमिकको आधारमानी प्रतिदिन पाउने रकमको आधारमा काम गरेको दिनले गणना गरी उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगरपालिका ४ नं. वडा कार्यालयको च.न. २२२ मिति २०७६।८।२७ गतेको पत्र एवम् मिति २०७६।७।२० गतेको वडा समितिको बैठकको निर्णयानुसार बजेट शिर्षक परिमार्जनको लागि अनुरोध भई आएकाले चालु आर्थिक बर्षमा स्वीकृत पूँजिगत कार्यक्रम तर्फ वडास्तरीय बजेट अन्तरगत धनकुटा नगरपालिका वडा नं. ४ को बजेट शिर्षक ८०१०६४०१२०४ खर्च शिर्षक नम्बर ३११५९ आकस्मिक योजना तथा मर्मत सम्भार अन्य सार्वजनिक निर्माण कार्यक्रममा विनियोजित बजेटलाई परिमार्जन गरी अन्य भौतिक निर्माण तथा मानव संसाधन विकास खर्च शिर्षक कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

चालु आर्थिक बर्षमा वडा नं. १ को वडास्तरीय योजना बसपार्कका लागि जग्गा खरिद शिर्षकमा स्वीकृत रकम रु २५,००,०००।- कार्यापालिकाको बैठकबाट रु ५,००,०००।- घटाउने निर्णय भई बाँकी रहने गएको रु २०,००,०००।- बाट बसपार्कको लागि जग्गा खरिदको सट्टा निम्नानुसारको शिर्षकमा तपसिल बमोजिम रकम बाँडफाँड गरी आगामी नगर सभामा विनियोजिन ऐन, २०७६ संशोका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. पर्यटकीय गेट निर्माण | रु. ५,००,०००।- |
| २. सूचना टि.भि. बोर्ड हिले बसपार्कमा राख्ने | रु. ४,००,०००।- |
| ३. हिले चौकी निर्माण | रु. ३,००,०००।- |
| ४. आइतवारे मन्दिर व्यवस्थापन तथा पार्क निर्माण | रु. २,५०,०००।- |
| ५. हिले पुच्छार सिंढी निर्माण | रु. १,००,०००।- |
| ६. तिन तले टोलमा टंकी निर्माण | रु. ५०,०००।- |
| ७. गजुर होटल देखि चिया बगान सडक डि.पि.आर | रु. १,००,०००।- |
| ८. त्रिशुले खानेपानी मर्मत | रु. १,५०,०००।- |
| ९. पाईप खरिद | रु. १,००,०००।- |
| १०. गजुर होटल देखि विहिवारे हटियासम्म सिँढी निर्माण | रु. ५०,०००।- |